# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वतः प्रकाशन

## (Pro-active Disclosure)

## आ.व. २०८०/०८१

(सार्वजनिक गरिएको अवधिः- २०८१।०१।०१-२०८१।०३।३१ सम्म)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला



जिल्ला प्रशासन कार्यालय, दार्चुला

फोनः- ०९३-४२०१३३

E-Mail:- daodarchula@moha.gov.np

Web: www.daodarchula.moha.gov.np

# कार्यालय प्रमुख र सूचना अधिकारी




**यज्ञराज जोशी**
प्रमुख जिल्ला अधिकारी
सम्पर्क नं. 9858727777

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला



**हेमन्ती साउँद**
सहायक प्रमुख जिल्ला अधिकारी
(सूचना अधिकारी)
सम्पर्क नं. 9840527753

# विषयवस्तु


१. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृतिः ........ 4

२. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार : ........ 4

३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण : ........ 5

४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा : ........ 5

५. सेवाग्राहीहरुको लागि डिजिटल नागरिक वडा पत्रको सुविधा (Digital Charter System):- ........ 7

६. विपद्को समय SMS Alert System (MOHA System) सञ्चालनः- ........ 7

७. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधाः- ........ 7

८. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको । .. 7

९. CCTV Camera:- ........ 9

१०. सहायता कक्ष (Help Desk) सञ्चालनः- ........ 9

११. सबै कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएकोः- ........ 9

१२. विधुतिय हाजिरी (E-attendance) सञ्चालनः- ........ 10

१३. प्रतिक्षालयको व्यवस्थाः ........ **Error! Bookmark not defined.**

१४. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी : ........ 10

१५. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :- ........ 12

१६. निर्णय गर्ने प्रक्रिया र अधिकारी : ........ 13

१७. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम । ........ 13

१८. सम्पादन गरेको कामको विवरण : (२०८०।०७।०१-२०८०।०९।२९ सम्म) ........ 13

१९. सूचना अधिकारी र प्रमुखको नाम र पद : ........ 33

२०. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची : ........ 34

२१. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण : ........ 34

२२. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण : ........ 34

२३. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरणः- .. 35


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

## सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ (३) बमोजिम प्रस्तुत गरिएको जिल्ला प्रशासन कार्यालय दार्चुलासंग सम्बन्धित स्वत:प्रकाशन

### (Pro-active Disclosure)

**(सार्वजनिक गरिएको अवधि:- २०८१।०१।०१-२०८१।०३।३१**

## १. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वरुप र प्रकृति:

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । स्थानीय प्रशासन ऐन, २०२८ ले जिल्लाको शान्ति र व्यवस्थालाई प्रभावकारी रुपमा संचालन गर्न तथा जिल्लाको सामान्य प्रशासन संचालन गर्न प्रत्येक जिल्लामा एउटा जिल्ला प्रशासन कार्यालय रहने साथै जिल्ला प्रशासन कार्यालयको प्रमुख प्रशासकीय अधिकारीको रुपमा प्रमुख जिल्ला अधिकारी रहने व्यवस्था गरेको छ । जिल्लामा विकास निर्माण कार्यहरुको लागि उपयुक्त वातावरण निर्माण गर्न समन्वय र सहजीकरण, विपद् व्यवस्थापन, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन, सेवा प्रवाहको अनुगमन, प्रचलित कानूनमा तोकिएका विषयहरुमा न्याय निरुपण, आर्थिक अनियमितता एवं भ्रष्टाचार नियन्त्रण जस्ता कार्यहरु सम्पादन गरी जिल्लामा सुशासनको प्रत्याभूतिका लागि जिल्ला प्रशासन कार्यालयको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## २. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको काम, कर्तव्य र अधिकार :

१. जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ।
२. नागरिकता प्रमाणपत्र वितरण गर्ने ।
३. विद्युतीय राहदानीको फर्म संकलन तथा सिफारिस गर्ने ।
४. नावालक परिचयपत्र जारी गर्ने ।
५. आदिवासी जनजाती, दलित सिफारिस गर्ने ।
६. आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन ।
७. हातहतियार र खरखजानाको इजाजत सम्बन्धी सिफारिस र नियन्त्रण ।
८. विस्फोटक पदार्थ सिफारिस र नियमन ।
९. विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन ।
१०. सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन ।
११. गैरसरकारी संघ, संस्था दर्ता, नवीकरण र नियमन ।
१२. स्थानीय प्रशासनको सञ्चालन ।
१३. बाल कल्याण तथा बाल अधिकारको संरक्षण ।
१४. भ्रष्टाचार नियन्त्रण ।
१५. कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम ।
१६. कल्याण धन र बेवारिसी धनको व्यवस्थापन ।
१७. चिठ्ठा, जुवा आदिको नियन्त्रण ।
१८. सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ, सार्वजनिक अपराध आदिको नियन्त्रण ।
१९. विपद् व्यवस्थापन ।
२०. जिल्ला स्तरमा सार्वजनिक उत्सव कार्यक्रम ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला



जिल्ला प्रशासन कार्यालय, दार्चुला

प्रमुख जिल्ला अधिकारी

२१. मुआब्जा निर्धारण तथा वितरण ।
२२. पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस ।
२३. जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पत्तीको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने ।
२४. लागू औषध ओसार पसार नियन्त्रण र रोकथाम ।
२५. जिल्ला स्थित कारागारको व्यवस्थापन ।
२६. जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण, अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन ।
२७. द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण ।
२८. जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग ।
२९. राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना सङ्कलन र विश्लेषण ।
३०. जिल्लामा सञ्चालित विकास निर्माण कार्यामा सहयोग ।
३१. कानून बमोजिम तोकिए अनुसार विभिन्न मुद्दाको सुरु कारवाही र किनारा गर्ने ।
३२. अन्तराष्ट्रिय सीमा प्रशासन ।
३३. न्याय सम्पादन सम्बन्धी कार्य ।
३४. निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश निर्देशन कार्यान्वयन ।

## ३. जिल्ला प्रशासन कार्यालय, दार्चुलाको स्वीकृत दरबन्दी विवरण र कार्यविवरण :

**कर्मचारी दरबन्दी:-** २० (कार्यरत १८ जना)

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | नायव सुब्बा | ४ | १ | १ रिक्त |
| ४ | लेखापाल | १ | १ | |
| ५ | कम्प्युटर अपरेटर | २ | १ | १ रिक्त |
| ६ | खरिदार | ४ | ३ | १ रिक्त |
| ७ | हलुका सवारी चालक | १ | १ | |
| ८ | कार्यालय सहयोगी | ६ | ६ | करार |
| **जम्मा** | | २० | १८ | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

## ४. जिल्ला प्रशासन कार्यालय, दार्चुलाबाट प्रदान गरिने सेवा :

**क) स्थानीय प्रशासन तथा शान्ति सुरक्षा सम्बन्धी सेवा :**

- शान्ति सुव्यवस्थाको माध्यमबाट नागरिकको जीउ धनको सुरक्षा गर्ने ।
- अपराध हुन नदिन एवं अपराध न्यूनिकरणका लागि समुदायस्तर सम्म सचेतिकरणका कार्यक्रम संचालन गर्ने ।
- आम नागरिकलाई मुलुकको संविधान तथा कानून बमोजिम प्राप्त हक अधिकारको निर्वाध प्रयोगको वातावरण बनाउने।
- शान्ति सुरक्षाको कार्यमा सुरक्षा निकायहरुको परिचालन गर्ने ।
- सामाजिक विकृति विसंगतिको अन्त्यका लागि सरोकारवालाहरुसंग हातेमालो गरी सभ्य, सदाचारी र सुरक्षित समाजको निर्माणका लागि आवश्यक सबै उपाय अवलम्वन गर्ने ।
- समाजमा शान्ति सुरक्षा कायम गर्न जिल्ला स्थित सवै स्थानीय तह, नागरिक समाज लगायत सवै सरोकारवालाहरुसंग सहकार्य/समन्वय गर्ने ।

जिल्ला प्रशासन कार्यालय, दार्चुला
प्रमुख जिल्ला अधिकारी

- कार्यालयको दैनिक प्रशासन संचालन गर्ने ।
- संघ संस्था दर्ता/नवीकरण, शाखा खोल्ने अनुमति प्रदान, हातहतियार नविकरण, नामसारी, स्वामित्व हस्तान्तरण।
- वहुयात्रा अनुमति पत्र जारी, ताक्लाकोट प्रवेश अनुमति पत्र जारी ।
- विष्फोटक पदार्थ प्रयोग सम्वन्धी इजाजत पत्र जारी ।
- विभिन्न व्यहोरा शिफारिस/प्रमाणित गर्ने ।
- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण एवं व्यवस्थापन गर्ने ।
- निजी सुरक्षा कम्पनीहरुको संचालन अनुमतिका लागि शिफारिस गर्ने ।
- ड्रोन उडान अनुमति प्रदान गर्ने, सि.सि-टि.भी. क्यामेराको अनुगमन गर्ने ।

**ख) राहदानी सम्बन्धी सेवा:**

- राहदानी सम्वन्धी फाराम संकलन गरी विवरण रुजु गर्ने, केन्द्रमा पठाउने ।
- द्रुत सेवाका लागि शिफारिस गरी पठाउने।
- संकलन केन्द्रमा प्राप्त राहदानी वुझी वितरण गर्ने ।
- राहदानीमा कुनै शंसोधन गर्नु परेमा तत्सम्वन्धी कार्य गर्ने।

**ग) नागरिकता सम्बन्धी सेवा:**

- वंशज/वैवाहिक अंगिकृत नागरिकता प्रदान गर्ने ।
- नागरिकताको प्रतिलिपि जारी गर्ने ।
- नावालक परिचय पत्र जारी गर्ने ।
- घरदैलोमा नै सेवा प्रदान गर्न एकिकृत घुम्ति सेवा शिवीर संचालन गर्ने ।
- नागरिकता सम्बन्धी अभिलेख Digitize गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

**घ) मुद्दा तथा ठाडो उजुरी सम्बन्धी सेवा:**

- सार्वजनिक शान्ति विरुद्धको कसुर र विशेष ऐनले तोकेका मुद्दाहरुमा शुरु कारवाही र किनारा गर्ने ।
- गुनासो वा ठाडो उजुरी ।

**ङ) हातहतियार इजाजत पत्र तथा नवीकरण सम्बन्धी सेवा:**

- हातहतियार इजाजत पत्र नामसारी, नवीकरण र स्वामित्व हस्तान्तरण ।

**च) संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा:**

- संस्था दर्ता ।
- संस्था नवीकरण ।
- संस्थाको विधान संशोधन ।
- जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति ।

**छ) आपूर्ति व्यवस्था अनुगमन सम्बन्धी सेवा:**

- सहज आपूर्ति व्यवस्थापन सुनिश्चित गर्नका लागि वजार अनुगमन तथा नियमन ।

**ज) विपद् व्यवस्थापन सम्बन्धी सेवा:**

- जिल्ला विपद व्यवस्थापन समितिको वैठक व्यवस्थापन ।
- विपद् सम्वन्धी कार्ययोजना निर्माण ।
- विपद् न्यूनीकरणका लागि तयारी ।
- विपद् भएको क्षति विवरण संकलन ।
- विपद् पीडित भएकाहरुलाई क्षतिपूर्ति एवं राहत वितरण तथा पुन:स्थापना ।

**झ) अख्तियार दुरुपयोग अनुसन्धान सम्वन्धी सेवा:**

प्रमुख जिल्ला अधिकारी

- अख्तियार दुरुपयोग सम्वन्धी उजुरी एवं निवेदनहरु उपर छानबिन र सिफारिस।

**ञ) द्वन्द्ध व्यवस्थापन:**

- द्वन्द्ध प्रभावितहरुको अभिलेख व्यवस्थापन ।
- द्वन्द्ध प्रभावित (मृतक/वेपत्ता/अंगभंग भई घाईते भएका) हरुलाई राहत वितरण ।

**ट) राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा:-**

- राष्ट्रिय परिचय पत्रको विवरण संकलन गरि राष्ट्रिय परिचय पत्र जारी गर्ने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

## ठ) सुशासन/ सार्वजानिक सेवा प्रवाह सम्बन्धि सेवाहरु:-

### ५. सेवाग्राहीहरुको लागि डिजिटल नागरिक वडा पत्रको सुविधा (Digital Charter System):-

जिल्ला प्रशासन कार्यालय दार्चुलाद्धारा डिजिटल नागरिक वडा पत्र, कार्यालयको सूचना, कार्यालयको कर्मचारी विवरण लगायत यस जिल्लाको धार्मिक, पर्यटकीय क्षेत्रहरु, सामाजिक अपराध सम्बन्धी जनचेतनामुलक श्रव्य दृष्य सामाग्रीहरु DIGITAL CHARTER SYSTEM द्धारा प्रशारण गरिंदै आएको छ ।

### ६. विपद्को समय SMS Alert System (MOHA System) सञ्चालन:-

गृह मन्त्रालयले उपलब्ध गराएको SMS system बाट विपद् सम्बन्धी घटना, जल तथा मौसम विज्ञान विभागको मौसम तथा वर्षा बुलेटिन सम्बन्धी जानकारी जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, जिल्ला स्थित स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, सरकारी कार्यालयका प्रमुखहरु, जिल्ला स्थित गैर सरकारी निकायहरु तथा पत्रकार सहित अन्य सम्बन्धित सरोकारवाला सबै व्यक्तिहरुलाई एकैपटक सूचना जानकारी गराइदै आएको छ।

### ७. सेवाग्राहीहरुको लागि Free Wi-Fi को सुविधा:-

सेवाग्राही मैत्री कार्यालय वातावरण निर्माणका लागि कार्यालय परिसर भित्र Free Wi-Fi को व्यवस्था मिलाइएको छ। सेवाग्राहीहरुले आवश्यक रहेका कागजातहरु समेत internet को माध्यमबाट download गरी कार्यालयमा खोजेको समयमा पेश गर्न सजिलो भएको । साथै सेवाग्राहीहरुले सेवा प्राप्तिको क्रममा गर्नुपर्ने प्रतिक्षाको समय व्यवस्थापनका लागि उक्त सेवा समेत प्रयोग गर्ने गरेका छन् ।

### ८. कार्यालयको गतिविधिहरु कार्यालयको Website, Twitter, Facebook मार्फत सम्प्रेषण गर्ने गरिएको ।


कार्यालयको सूचना, समाचार, मासिक, अर्धवार्षिक र वार्षिक प्रगति विवरण, वार्षिक प्रकाशन, कार्ययोजना, जानकारीहरु कार्यालयको वेबसाईट www.daodarchula.moha.gov.np, Facebook page: www.facebook.com/ daodarchula, Twitter: @daodarchula, सूचना Moha SMS System मार्फत नियमित रुपमा अद्यावधिक गरि सार्वजनिक गर्ने गरिएको छ । जिल्ला स्थित स्थानीय तहको वेबसाईट समेत कार्यालयको वेबसाईटमा लिङ्क गरि राखिएको साथै नागरिक वडा पत्र समेत कार्यालयको वेवसाईटमा राखिएको छ ।

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालयको Website: https://daodarchula.moha.gov.np/





## जिल्ला प्रशासन कार्यालयको Facebook Page: https://www.facebook.com/daodarchula/




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी

## जिल्ला प्रशासन कार्यालयको Twitter Page: https://twitter.com/daodarchula




## ९. CCTV Camera:-

अपराध नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न विद्युतीय उपकरणको प्रभावकारिता बढाउने, CCTV/Camera को प्रयोगलाई प्रोत्साहन र व्यवस्थित गर्ने उद्देश्यका साथै कार्यालयको सुरक्षा प्रयोजनार्थ कार्यालयमा 6 Tera Byte क्षमता सहितको ८ वटा Camera जडान गरि सञ्चालनमा रहेको छ । सवै फांटहरुमा भएका काम कारवाही र कार्यालयमा आगमन/निर्गमन लगायत अन्य गतिविधिको Monitoring प्रमुख जिल्ला अधिकारीको कार्यकक्षबाट गरिने व्यवस्था मिलाइएको छ । जिल्ला स्थित अन्य सरकारी निकाय, व्यापारिक प्रतिष्ठान, जिल्लाको प्रवेश नाकामा समेत CCTV/Camera जडानमा प्रोत्साहन गरी त्यसको अभिलेख राख्ने र अनुगमन गर्ने गरिएको छ ।

## १०. सहायता कक्ष (Help Desk) सञ्चालन:-

सेवा प्रवाहको विषयमा सेवाग्राहीहरुलाई सहयोग गर्न सहयोग कक्ष (Help Desk) को व्यवस्था गरिएको । नागरिक वडा पत्र पढ्न नजान्ने र सेवा लिन पहिलो पटक कार्यालयमा आउने सेवाग्राहीका लागि सहायता कक्षको माध्यमबाट सेवा लिन सहज भएको पाइएको छ ।

## ११. सबै कार्यालयहरुमा सुचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको:-

सुशासन (व्यवस्थापन तथा संचालन) ऐन २०६४ र नियमावली २०६५ बमोजिम सार्वजनिक निकायबाट सम्पादित कृयाकलापका सम्वन्धमा सरोकारवालाहरुलाई सहज ढंगले सूचना उपलव्ध गराउन र सेवाका सम्बन्धमा कुनै उजुरी वा गुनासा भए तत्सम्बन्धमा सम्बोधन गर्न सबै सरकारी निकायहरुमा सूचना अधिकारी र गुनासो सुन्ने अधिकारी तोकी सर्ब साधारणले जानकारी पाउने गरी फोटो र सम्पर्क नं. सहितको विवरण कार्यालयमा टांस्न निर्देशन दिइए बमोजिम सबै कार्यालयहरुले उक्त व्यवस्था गरेका छन ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला


प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, दार्चुला

## १२. विधुतिय हाजिरी (E-attendance) सञ्चालन:-

यस कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिलाई नियमित एवं नियमन गर्न विद्युतीय हाजिरी प्रणाली (E-Attendance Device) सेट मिति २०७३।०३।२७ देखि जडान गरी नियमित रुपमा विद्युतीय हाजिरी प्रणाली प्रयोगमा ल्याइएको छ। यसबाट कर्मचारीको समयपालनामा प्रभावकारिता ल्याएको छ । कोभिड-१९ को संक्रमणको जोखिम उच्च भएको समयमा मेशिनद्धारा हाजिरी लिने काम बन्द भई हाल कोभिड-१९ संक्रमणको दोस्रो लहरको जोखिम न्यूनीकरण भएको हुँदा उक्त मेशिन संचालनमा आई दैनिक हाजिरी लिने गरिएको ।

## १३. जिल्ला प्रशासन कार्यालय, दार्चुलामा रहेका फाँट र जिम्मेवार अधिकारी :

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. कक्ष | किरण जोशी | प्र.जि.अ. |  | 9858727777 | |
| २ | स.प्र.जि.अ. कक्ष | हेमन्ती साउँद | स.प्र.जि.अ. |  | 9840527753 | |
| ३ | मुद्धा तथा हातहतियार, संघ संस्था दर्ता, पत्र पत्रिका दर्ता फाँट | वासुदेव विष्ट | ना.सु. |  | 9848781051 | स्थायी |
| ४ | विपद् व्यवस्थापन फाँट | राम राज पन्त | ना.सु. |  | 9841052046 | स्थायी |
| ५ | नागरिकता फाँट | प्रेम सिंह खत्री | ना.सु. |  | 9865959610 | स्थायी |
| ६ | लेखा फाँट | धर्मराज भट्ट | लेखापाल |  | 9869848781 | स्थायी |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

| सि.नं. | फाँटको नाम | जिम्मेवार अधिकारी | पद | फोटो | सम्पर्क न. | स्थायी/करार |
|---|---|---|---|---|---|---|
| ७ | सूचना प्रविधि फाँट | मोहन भट्ट | क.अ. |  | 9848844120 | स्थायी |
| ८ | राहदानी फाँट | ज्योति जोशी | खरिदार |  | 9742419906 | स्थायी |
| ९ | स्थानीय प्रशासन तथा शान्ति सुरक्षा फाँट | सागर दत्त जोशी | खरिदार |  | 9848875620 | स्थायी |
| १० | राष्ट्रिय परिचय पत्र फाँट | चक्र पन्त | क.अ. |  | 9868797177 | (राष्ट्रिय परिचय पत्र शाखा)-सेवा करार |
| ११ | राष्ट्रिय परिचय पत्र फाँट | मिना बम सिंह | - |  | 9848840586 | (राष्ट्रिय परिचय पत्र शाखा)-सेवा करार |
| १२ | | महेश भट्ट | ह.स.चा. |  | 9848711444 | सेवा करार |

| कार्यालय सहयोगी | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | नाम थर | पद | फोटो | सम्पर्क नं. | |
| | उमेश अवस्थी | का.स. |  | 9868352801 | सेवा करार |
| | नन्दा देवी भट्ट | का.स. |  | 9848709575 | सेवा करार |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

| | | | | | |
|---|---|---|---|---|---|
| | पदम सिंह बडाल | का.स. |  | 9749523284 | सेवा करार |
| | रमिता ठेकरे | का.अ. |  | 9868777040 | सेवा करार |
| | सर्जन ओखेडा | का.स. |  | 9848799419 | सेवा करार |

## १४. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :-

| सि.नं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु. १५/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ४ | राहदानी फाराम संकलन | रु. ५,०००/– साधारण<br>रु. १०,०००/–हराएको राहदानी वापत | प्रक्रिया पुगेकै दिन | |
| ५ | राहदानी वितरण, नागरिकता अभिलेख | – | तुरुन्त | |
| ६ | गुनासो वा ठाडो उजुरी | रु. १०/– को टिकट | यथाशीघ्र | |
| ७ | नाम, थर उमेर आदि प्रमाणित | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ८ | संस्था दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| ९ | संस्था नवीकरण | रु. ५००/– | प्रक्रिया पुगेकै दिन | |
| १० | संस्थाको विधान संशोधन | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| ११ | जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १२ | दलित, आदिवासी/जनजाती सिफारिस | रु. १०/– को टिकट | प्रक्रिया पुगेकै दिन | |
| १३ | पत्रपत्रिका दर्ता | दैनिक रु. १,०००/–<br>साप्ताहिक रु. ५००/–<br>पाक्षिक रु. ३००/–<br>मासिक रु. २००/– | प्रक्रिया पुगेकै दिन | |
| १४ | छापाखाना दर्ता | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १५ | हातहतियार नामसारी | रु. १,०००/– | प्रक्रिया पुगेकै दिन | |
| १६ | हा.ह. जिल्ला भित्रको नवीकरण | रु. १००/– | प्रक्रिया पुगेकै दिन | |
| १७ | हा.ह. नेपाल भरिको नवीकरण | रु. ५००/– बारबोर | प्रक्रिया पुगेकै दिन | |
| १८ | क्षतिपूर्ति एवं राहत वितरण | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| १९ | विष्फोटक पदार्थ ईजाजत-पत्र | रु. १०/– को टिकट | प्रक्रिया पुर्याएर | |
| २० | विष्फोटक पदार्थ ईजाजत-पत्र नविकरण | रु. ५०/– | प्रक्रिया पुगेकै दिन | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

## १५. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

**क) निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम ।

**ख) निर्णय गर्ने अधिकारी :**

- प्रमुख जिल्ला अधिकारी ।
- सहायक प्रमुख जिल्ला अधिकारी:- प्रमुख जिल्ला अधिकारीवाट अधिकार प्रत्यायोजन भए बमोजिम

## १६. निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रचलित कानून बमोजिम ।

## १७. सम्पादन गरेको कामको विवरण : (२०८१।०१।०१-२०८१।०३।३१ गते सम्म)

| क्र. सं. | कामको विवरण | संख्या | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| | **नागरिकता सम्बन्धी कार्य** | | | | |
| १ | नागरिकता वितरण वंशज | ६८१ | ५९६ | १२७७ | |
| २ | वैवाहिक अंगिकृत | - | ७ | ७ | |
| ३ | गैर आवासीन नागरिकता | - | - | - | |
| ४ | प्रतिलिपि नागरिकता वितरण | ६१६ | ५२६ | ११४२ | CIMS लागु भई देखि मिति २०८१।०३।२४ गतेसम्मको विवरण |
| ५ | CIMS मा Entry गरिएको नयाँ नागरिकता | - | - | ३४७४५ | |
| ६ | CIMS मा Entry गरिएको पुरानो नागरिकता | - | - | १०५८३१ | |
| ७ | Scan गरिएका नयाँ र पुराना अनुसूचीहरु | - | - | १७७४१ | |
| ८ | नागरिकता परित्याग | - | - | १ | |
| ९ | नागरिकता रद्द | - | - | १ | |
| १० | CIMS को त्रुटि सच्याउने सम्बन्धी प्राप्त गुनासो (नागरिक ऐप) | | | २००१ | फछ्र्यौट-६१६ (हालसम्मको) |
| ११ | नावालक परिचय पत्र जारी | - | - | ११ | मिति २०८१।०३।२४ गतेसम्म |
| | **राष्ट्रिय परिचय पत्र सम्बन्धी कार्य** | | | | |
| १ | राष्ट्रिय परिचय पत्र विवरण दर्ता संख्या | - | - | २०२७ | मिति २०८१।०३।२४ गतेसम्म |
| २ | राष्ट्रिय परिचय पत्र प्रतिलिपि | - | - | ३९ | मिति २०८१।०३।२४ गतेसम्म |
| ३ | राष्ट्रिय परिचय पत्र कार्ड वितरण | - | - | ११३७ | मिति २०८१।०३।२४ गतेसम्म |
| | **विद्युतीय राहदानी (E-Passport) सम्बन्धी कार्य** | | | | |
| १ | विद्युतीय राहदानी फाराम संकलन | २६० | ८५ | ३४५ | मिति २०८१।३।२३ गतेसम्म |
| २ | राहदानी वितरण गरिएको संख्या | - | - | २९७ | मिति २०८१।३।२३ गतेसम्म |
| | **मुद्दा तथा हातहतियार सम्बन्धी कार्य** | | | | |
| १ | हालसम्मको कुल अभद्र व्यवहार गर्न नहुने मुद्दा दर्ता | | | ४९ | |
| २ | मुद्दा फछ्र्यौट | | | १८ | ३६.७३ % मुद्दा फछ्र्यौट |
| ३ | मुद्दा फछ्र्यौट बाँकी | | | ३१ | |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | **ठाडो उजुरी निवेदन दर्ता** | | | ३० | विषयगत ठाडो उजुरी र सबै गुनासाहरुको सम्बोधन भई कार्यान्वयनका लागि सम्बन्धित निकायलाई पत्राचार गरिएको । |
| ५ | **हातहतियार इजाजत पत्र नविकरण** | | | १३३ | |
| ६ | **हाहतियार नामसारी** | | | – | |
| ७ | **विष्फोटक पदार्थको इजाजत पत्र नविकरण** | | | – | |
| ८ | **मादक पदार्थ सेवन** | | | ११ जना | |
| | ९ | | | | |
| १ | **संघ संस्था दर्ता** | | | – | |
| २ | **संघ संस्था नविकरण** | | | ५ | |
| ३ | **संघ संस्था अनुगमन** | | | ६ | |
| | स्थानीय प्रशासन सम्बन्धी कार्य | | | | |
| १ | **बजार अनुगमन** | | | १ | |
| २ | **सबै स्थानीय तहमा अपराध न्यूनीकरण सम्बन्धी सचेतनामूलक कार्यक्रम संचालन** | | | १ | |
| ३ | **सुरक्षा निकाय, प्रदेश र स्थानीय तहसँगको समन्वय र सहकार्यमा लागु औषध नियन्त्रण सम्बन्धी कार्यक्रम सञ्चालन** | | | १ | |
| ४ | **कसुरजन्य सम्पत्तिको जिल्ला स्तरीय मूल्यांकन समितिको बैठक** | | | १ | |
| ५ | **अन्तर जिल्ला समन्वय बैठक** | | | १ | दार्चुला र वैतडी जिल्ला |
| ६ | **राजनीतिक दलसंग समन्वय बैठक** | | | १ | |
| ७ | **राजमार्ग (सडक) मा हुने अवरोध हटाउन समितिको बैठक** | | | १ | |
| ८ | **कार्यालय प्रमुखहरुको वैठक** | | | ३ | |
| ९ | **जिल्ला सुरक्षा समिति बैठक** | | | ६ | |
| १० | **जिल्ला प्रशासन कार्यालयको स्टाफ बैठक** | | | ३ | |
| ११ | **सूचना अधिकारीहरुको वैठक** | | | १ | |
| १२ | **अदिवासी, जनजाती प्रमाणित** | | | ९ | |
| १३ | **जन्ममिति प्रमाणित** | | | ८ | |
| १४ | **नाम थर प्रमाणित** | | | १०८ | |
| १५ | **दलित जाति प्रमाणित** | | | १३ | |
| १६ | **व्यहोरा प्रमाणित/सिफारिस** | | | २२ | |
| | **लेखा सम्बन्धी कार्य** | | | | |
| | **लेखा राजस्व विवरण** | | | | |
| | **विवरण** | | | **रकम रु.** | |

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला



जिल्ला प्रशासन कार्यालय, दार्चुला
प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| १ | **कम्पनी रजिष्ट्रेशन दस्तुर** | | | ५७५०/- | लेखा राजस्व विवरण |
| २ | **हातहतियारको इजाजत पत्र दस्तुर** | | | ३,५१,९००।- | |
| ३ | **राहदानी शुल्क** | | | १९,५२,५००/- | |
| ४ | **न्यायिक दण्ड, जरिवाना र जफत** | | | - | |
| ५ | **प्रशासनिक दण्ड, जरिवाना र जफत** | | | ४०,०००।- | |
| ६ | **परीक्षा सुल्क** | | | १०,०००/- | |
| ७ | **सरकारी सम्पत्तीको विक्रीबाट प्राप्त रकम** | | | ६८००/- | |
| ८ | **बेरुजु** | | | - | |
| ९ | **अन्य प्रशासनिक सेवा शुल्क** | | | - | |
| | **जम्मा** | | | **२३,६६,९५०।-** | |
| **विपद् व्यवस्थापन सम्बन्धी कार्य** | | | | | |
| १ | **विपद् व्यवस्थापन बैठक संख्या** | | | १ | |
| २ | **जिल्ला विपद् व्यवस्थापनको क्षेत्रमा क्रियाशिल सरकारी, गैरसरकारी निकायसंग समन्वय बैठक** | | | १ | |
| ३ | **DEOC र LEOC चलायमान बनाउन समन्वय बैठक** | | | १ | |

➢ सेवाग्राही स्वास्थ्य परिक्षण कक्ष स्थापनाः-

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८१।०२।२४ को निर्णयबाट सामाजिक सुरक्षा, स्वास्थ्य बिमा तथा निबृत्तिभरण सम्बन्धी सेवा प्राप्तीका लागि नेपाली नागरिकको हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरी सोको आधारमा सेवा प्रदान गर्ने व्यवस्था भए बमोजिम यस कार्यालयबाट वैयक्तिक तथा जैविक विवरण संकलनको क्रममा जेष्ठ नागरिकहरुको भिडभाडलाई मध्यनजर गरि जिल्लास्थित स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी जिल्ला प्रशासन कार्यालय परिशरमा स्वास्थ्य कर्मीबाट स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउन यस कार्यालयको परिसर भित्र आउने सेवाग्राहीहरुका लागि **सेवाग्राही स्वास्थ्य परिक्षण कक्ष** स्थापना गरिएको छ।




➢ स्तनपान तथा विरामी कक्ष स्थापनाः-

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला





प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालयमा आउने वृद्धवृद्धा, अपाङ्ग, सुत्केरी महिला लगायतका सेवाग्राहीहरुकाले सेवा लिँन आउदा सेवाग्राही र कर्मचारीका बच्चा बच्चीलाई स्तनपान गराउन तथा वृद्धवृद्धाहरुको सहजताका लागि यस कार्यालयमा **स्तनपान Breast Feeding** तथा **विरामी कक्ष Sick Room** स्थापना गरिएको छ ।






- **Citizenship at Doorstep कार्यक्रम:-**

Citizenship at Doorstep कार्यक्रम अन्तर्गत स्थानीय तहमा नागरिकता वितरण गरिएको । जिल्ला प्रशासन कार्यालय दार्चुलाबाट यस जिल्लाको विभिन्न स्थानीय तहका हिडडुल गर्न नसक्ने अपाङ्ग व्यक्ति तथा स्थानीय तहको अनुरोध अनुसार उहाँको घर ठेगानामा गई नेपाली नागरिकता प्रमाण पत्र जारी गरि नागरिकता हस्तान्तरण गरिएको छ।

१. मिती २०८१/२/५ गते शनिवारका दिन शैल्यशिखर न.पा. वडा नं. ५ दार्चुलाका उत्तम सिंह डाँडाको छोरी आरती डाँगा शारीरिक कमजोरीका कारण कार्यालयमा ल्याउन नसकिएको हुँदा सुरक्षा टिम सहित सोही स्थानमा गई नेपाली नागरिकताको प्रमाणपत्र उपलब्ध गराईयो।



२. ७४ बर्षिया नौगाड गा.पा.-२ निवासी गोबा देबि टमटाजीको घर दैलोमा गई प्रमुख जिल्ला अधिकारीबाट नागरिकता प्रदान गरियो।





- **अनलाईन गुनासो पेटिकाको व्यवस्था**


नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प्रमुख जिल्ला अधिकारी



जिल्ला प्रशासन कार्यालय, दार्चुला

नेपालमा विगत केही वर्ष देखि सूचना प्रविधिको क्षेत्रमा उल्लेखनीय प्रयोग बढेको छ । सरकारी कार्यालयहरुमा सेवा लिन आँदा सेवाग्राहीहरुले ईन्टरनेटको प्रयोग गरि कार्यालयको वेभसाईटबाट आवश्यक सूचना, जानकारीहरु, वडापत्र, कागजातहरु, ऐन नियमहरु हेर्न, डाउनलोड गर्न सेवाग्राहीमा स्वईच्छा वा स्वविवेक जागेको देखिन्छ। सार्वजनिक सेवाप्रवाहलाई जनमैत्री, उत्तरदायी, चुस्त र पारदर्शी बनाउन प्रमुख जिल्ला अधिकारी/सहायक प्रमुख जिल्ला अधिकारीको सम्पर्क नम्बर, गुनासो दर्ता पेटिका, कार्यालयको बेभसाइट, इमेल, सामाजिक सञ्जाल फेसबुक, ट्वीटर जस्ता अनलाईन सञ्चार माध्यमबाट गुनासो वा सुझाव पेश गर्न सकिनुका साथै सेवाग्राही तथा सरोकारवालाहरुलाई आफ्ना उजुरी तथा गुनासो राख्न सहजहोस् भन्ने उद्देश्यले अनलाईन मार्फत गुनासो वा सुझाव गर्नका लागि अनलाईन गुनासो पेटिकाको व्यवस्था गरिएको छ। गुनासो वा उजुरी गर्नका लागि तपशिलको Link वा QR Code मार्फत उजुरी वा गुनासो व्यक्त गर्न सकिने व्यहोरा जानकारीका लागि अनुरोध छ।




Link: daodarchula.moha.gov.np/complaint

- **<u>सेवाग्राहीहरुका लागि समेत छुट्टै नयाँ ईमेल संचालन</u>**

यस कार्यालयमा नागरिकता, विद्युतीय राहदानी (Epassport), राष्ट्रिय परिचय पत्र (NID), विपद् व्यवस्थापन, मुद्दा लगायत प्रशासनिक कामकाज सम्बन्धी सेवा लिन आउँदा केही सेवाग्राहीहरुले आवश्यक कागजातहरु साथमा नलिई घरमै बिर्सिने गरेको देखिन्छ। ती अपुग हुने आवश्यक कागजातहरुले गर्दा सेवाग्राहीहरुको कार्यमा ढिलाई हुने, सेवाग्राहीहरुलाई फिर्ता लगाउनु पर्ने समय सान्दर्भिक नदेखिने हुँदा सेवाग्राहीहरु र कार्यालय कामकाजका लागि समेत छुट्टै नयाँ ईमेल daodarchula.public@gmail.com, Whatsapp/Viber No. ९८४८८४४१२० संचालनमा ल्याईएको ।




- **श्रीमान् गृह सचिवज्यू एकनारायण अर्यालबाट कार्यालय भवनको उद्घघाटन कार्यक्रम**

बहुवर्षीय ठेक्काको रुपमा रहेको जिल्ला प्रशासन कार्यालयको प्रशासकीय भवन, प्र.जि.अ. निवास भवन र प्र.जि.अ. निवास सुरक्षा गार्ड भवनको निर्माण कार्य २०७५ साल फागुन महिनामा शुरु भई गत २०७९ साल चैत्र मसान्तमा निर्माण कार्य सम्पन्न भई श्रीमान् गृह सचिवज्यू एकनारायण अर्यालबाट मिति २०८१/०१/२५ गतेका दिन उद्घघाटन कार्यक्रम सम्पन्न भएको।

<u>तपशिल</u>

| सि.नं. | भवन | भवन विवरण | कुल लागत | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशासकीय भवन | ३ तल्ले १५ कोठे | ६ करोड ४५ लाख ३६ हजार ९९१ रुपया | |
| २ | प्र.जि.अ. निवास भवन | ३ तल्ले ६ कोठे | | |
| ३ | प्र.जि.अ. निवास सुरक्षा गार्ड भवन | २ तल्ले ४ कोठे | | |

<u>जिल्ला प्रशासन कार्यालयको प्रशासकीय भवन</u>

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला



उद्घाटन कार्यक्रममा लिएका तस्विरहरु





➢ **योगऋषि राम देवजी महाराजको प्रतिनिधि साधवी डा. देव विजयाद्वारा आद्यात्मिक तथा योग सम्बन्धी उत्प्रेणादायी सम्बोधन कार्यक्रम**

पतंजली योगपिठ दार्चुलाबाट साधवी डा. देव विजयाद्वारा आद्यात्मिक तथा योग सम्बन्धी उत्प्रेणादायी सम्बोधन कार्यक्रम मिति २०८१।०२।११ गते दिँउसो २:३० बजे जिल्ला प्रशासन कार्यालयको सभाहलमा आद्यातम प्रेमी, कार्यालय प्रमुखज्यू एवं प्रतिनिधज्युहरुको उपस्थितिमा कार्यक्रम भएको ।





नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला



प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

➢ कर्मचारीहरुलाई नेतृत्व विकास सम्बन्धी कार्यक्रम

जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयको सभाहलमा विहान ९:३० बजेदेखि १०:०० बजेसम्म ब्रह्माकुमारीज पाठशालाद्वारा करिब १ हप्ता दिनको आत्मा र परमात्मा सम्बन्धी ज्ञान कोर्स कार्यक्रम सम्पन्न भएको छ।





➢ राष्ट्रिय महिला आयोगको आयोजनामा अन्तरकृया कार्यक्रम

महिला हिंसा निवारणको लागि सुरक्षा निकायसंग रणनितिक योजना बैठक र अन्तरकृया कार्यक्रम सरोकारवाला निकायहरुसँग राष्ट्रिय महिला आयोगको आयोजनामा मिति २०८१।०२।२२ गतेका दिन बैठक तथा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भएको ।

कार्यक्रममा लिएका तस्विरहरु





➢ न्यायिक क्षमताबृद्धि अभिमुखीकरण कार्यक्रम

गृह मन्त्रालय अन्तर्गत जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयका मुद्दा शाखामा कार्यरत कर्मचारीहरुलाई यस कार्यालयको आयोजनामा जिल्ला न्यायाधिवक्ता श्री तारा सिंह धामीज्यूबाट मुद्दा सम्बन्धि मिति २०८०।०२।२९ गतेका दिन न्यायिक क्षमताबृद्धि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा लिएका तस्विरहरु निम्नानुसार रहेका छन् ।

कार्यक्रममा लिएका तस्विरहरु





➢ कृत्रिम अभ्यास प्रदर्शनी कार्यक्रम संचलन


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

आगलागी नियन्त्रण र सोबाट हुने क्षति न्यूनीकरणका लागि कृत्रिम अभ्यास तालिम प्रदर्शनी २०८१ साल जेठ ०२ गते महाकाली नगरपालिका खलंगा बजार क्षेत्रमा ३ वटै सुरक्षा निकाय एवं जिल्ला रेडक्रस समितिका पदाधिकारी, सर्वसाधरणको उपस्थितिमा प्रदर्शनी कार्यक्रम गरी सम्पन्न भएको ।


**कृत्रिम अभ्यास प्रदर्शनी कार्यक्रम संचलनका दृष्यहरुः-**






**➢ लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम**

मिति २०८०।०८।०९ गते जिल्ला दार्चुला महाकाली नगरपालिका ४ खलंगा स्थित ऐ. नगरपालिकाको आयोजना र जिल्ला प्रहरी कार्यालय दार्चुलाको सहकार्यमा ऐ. नगरपालिका नगर प्रमुख नरसिंह चैसिरज्यु, उप- प्रमुख दुर्गा देवी खत्रीज्यु, स.प्र.बल नेपाल नं. ४४ गण दार्चुलाका प्रमुख स.प्र.उ.डम्बर बहादुर बिष्ट, प्र.ना.उ. शिव बहादुर सिंह, नेपाल प्रहरी, महिला अधिकार कर्मी, भद्रभलादमी, बुद्धिजिवी, पत्रकार, सर्वसाधारणहरु गरी २००/२५० जनाको संख्यामा लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियान अन्तर्गत अन्तराष्ट्रिय **"लैंगिक हिंसा अन्त्यको सुनिश्चिताः महिला र बालबालिकामा लगानीको ऐक्यबद्धता"** भन्ने राष्ट्रिय नाराका साथ र्‍याली निकाली खलंगा बजार परिक्रमा गरी ऐ. नगरपालिकाको प्राङ्गणमा कोण सभा कार्यक्रम गरीएको ।





**➢ <u>१७ औं गणतन्त्र दिवस २०८१</u>**

१७ औं गणतन्त्र दिवस २०८१ को पावन अवसरमा मिति २०८१।०२।१५ गते जिल्ला दार्चुला महाकाली न.पा.वडा नं. ४ खलंगा स्थित खुल्ला मञ्चमा जि.स.स. दार्चुलाका प्रमुखको संयोजकत्वमा प्र.जि.अ, जिल्ला स्थित विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरु लगायत नेपाली सेना, नेपाल प्रहरी, स.प्र.बल, स्थानीय जनप्रतिनिधिहरू, पत्रकार, समाजसेवी, बुद्धिजिवी, भद्रभलादमी, शिक्षक, विद्यार्थीहरूको सहभागितामा १७ औं गणतन्त्र दिवस सफल पारौं भन्ने मुल नाराका साथ प्रभातफेरी र्‍याली निकाली बजार परिक्रमा गरे पश्चात ऐ. ५ गल्फै स्थित जिल्ला अस्पताल दार्चुलामा रक्तदान गरिएको । तत्पश्चात जिल्ला प्रहरी कार्यालय दार्चुलाको कम्पाउण्ड भित्र बृक्षारोपण गरि महाकाली नगरपालिकाको सभाहलमा जिल्ला स्थित विभिन्न विद्यालयहरुका विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरि कार्यक्रम सम्पन्न भएको ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी









➢ **प्रजातन्त्र दिवस, २०८० को सम्पूर्णमा शुभकामना**

प्रजातन्त्र दिवस २०८० को पावन अवसरमा जिल्ला दार्चुला महाकाली न.पा.वडा नं. ४ खलंगा स्थित खुल्ला मञ्चमा जि.स.स. दार्चुलाका प्रमुखको संयोजकत्वमा प्र.जि.अ, जिल्ला स्थित विभिन्न कार्यालयका कार्यालय प्रमुख ज्यूहरु लगायत नेपाली सेना, नेपाल प्रहरी, स.प्र.बल, स्थानीय जनप्रतिनिधिहरू, पत्रकार, समाजसेवी, बुद्धिजिवी, भद्रभलादमी, शिक्षक, विद्यार्थीहरूको सहभागितामा प्रजातन्त्र दिवस सफल पारौं भन्ने मुल नाराका साथ प्रभातफेरी र्‍याली निकाली बजार परिक्रमा गरे पश्चात ऐ. ५ गल्फै स्थित महाकाली नगरपालिका मातहत टुहुरा बालबालिकाहरुका लागि रहेको छात्रावासका छात्राहरुलाई शैक्षिक सामाग्रीहरु वितरण गरि कार्यक्रम सम्पन्न भएको।





➢ **२६ औं राष्ट्रिय भूकम्प सुरक्षा दिवस, २०८० प्रभात फेरी कार्यक्रम**

राष्ट्रिय भुकम्प दिवसको अवसरमा जिल्ला दार्चुला महाकाली न.पा. ५ टुडिखेलबाट प्र.जि.अ. र सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुख र कर्मचारीहरु तथा प्रहरी कर्मचारीहरु समेतको संयुक्त टोलीले भुकम्पबाट बच्ने उपाय सम्बन्धि प्लेकार्ड सहितको जनचेतानामुलक र्‍याली निकाली सदरमुकाम खलङ्गा बजार परिक्रममा गरी ऐ. टुडिखेलमा कार्यक्रम सम्पन्न गरिएको।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला






➢ गरौं योग, रहौ निरोग; नवौं राष्ट्रिय योग दिवस,२०८१

विश्व योग दिवस, जुन २१, २०२४ मिति २०८१ असार ७ गतेका दिन "महिला सशक्तिकरणका लागि योग" भन्ने मुल नाराका साथ सम्पन्न् प्रभातफेरी तथा योग सम्बन्धि प्रवचन गरि सदरमुकाम खुलामन्चमा कार्यक्रम सम्पन्न गरिएको।











➢ सहायकस्तरका कर्मचारीहरुलाई सेवाकालिन तालिम

स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान ललितपुर, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र जिल्ला प्रशासन कार्यालय दार्चुलाको आयोजनामा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत सहायकस्तरका कर्मचारीको लागि मिति २०८०/०८/०७- देखि ऐ.ऐ. ९/१३ सम्म संचालित ३० दिने सेवाकालिन तालिम महाकाली नगरपालिकाको सभाहलमा संचालन गरि तालिम सम्पन्न भएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

जिल्ला प्रशासन कार्यालय, दार्चुला
प्रमुख जिल्ला अधिकारी



## ➢ महिला बालबालिका विरुद्ध हुने अपराध नियन्त्रण र लागु औषध नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

दार्चुला जिल्लाको दुहुँ गाउँपालिकाको गौरिलमाण्डौ विद्यालयमा यस कार्यालयको आयोजनामा मिति २०८१ साल जेठ १६ गतेका दिन महिला बालबालिका विरुद्ध हुने अपराध नियन्त्रण र लागु औषध नियन्त्रण सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको ।




## ➢ संविधान दिवस, २०८०

संविधान दिवस २०८० का अवसरमा मिति २०८१ असोज १ गते देखि ३ गतेसम्म खुल्ला पुरुष व्याडमिन्टन प्रतियोगिता आयोजना गरि दिन महाकाली नगरपालिका वडा नं. ४ स्थित खुलामन्चबाट कर्मचारीहरु भेला भई प्रभातफेरी कार्यक्रमका साथै फलफुल वितरण गरी कार्यक्रम मनाईएको।






नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला



जिल्ला प्रशासन कार्यालय, दार्चुला
प्रमुख जिल्ला अधिकारी




> ➢ ५९ औं राष्ट्रिय बालदिवस, २०८०

मिति २०८०।०५।२९ गतेका दिन ५९ औं राष्ट्रिय बालदिवश, २०८० को अवसरमा "बालबालिकामा लगानीः सुनिश्चित भबिस्यको थालनी" भन्ने मुल नाराका साथ नेपाल बाल संगठन जिल्ला कार्य समितिको आयोजनामा महाकाली नगरपालिका वडा नं. ४ खलंगामा विविध कार्यक्रम गरि दिवस सम्पन्न भएको छ ।




> ➢ लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको महाअभियान २०८१

लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको महाअभियान अन्तर्गत मिति २०८१।०३।०९ गतेका दिन प्रमुख जिल्ला अधिकारी श्री यज्ञ राज जोशी, प्र.ना.उ. शिब बहादुर सिंह, राष्ट्रिय अनुसन्धान विभाग दार्चुलाका प्र.अ.अ. देवेन्द्र कुमार थापा, स.प्र.जि.अ. हेमन्ती साउद र महेन्द्र नमुना मा.वि. खलंगा दार्चुलाका शिक्षक तथा विद्यार्थीहरुको उपस्थितिमा लागू औषध नियन्त्रण तथा सार्वजनिक स्थानहरुमा सूर्तिजन्य पदार्थ सेवनमा रोक लागायतका विभिन्न विषयमा प्ले कार्ड सहित नारा लगाई ऱ्याली निकाली खलंगा बजार परिक्रमा गरी जनचेतनामुलक कार्यक्रम गरिएको ।


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, दार्चुला




➢ मिति २०८१।०३।१२ गते लागू औषध दुरुपयोग तथा अवैध ओसारपसार विरुद्धको महाअभियान अन्तर्गत जिल्ला दार्चुला महाकाली नगरपालिका वडा नं. ५ बसपार्कमा दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री यज्ञ राज जोशी, दार्चुला जिल्ला समन्वय समितिका अध्यक्ष महादेव बडू (कश्यव), महाकाली नगरपालिका का उप-प्रमुख दुर्गा कुमारी खत्री (बिष्ट), स.प्र. बल नेपाल ४४ नं. गण दार्चुलाका प्रमुख स.प्र.उ. हर्कराज पन्त, नेपाल सेना गूरुगोरख गुल्म खलंगा दार्चुलाका गुम्पति बुद्ध देवकोटा, प्र.ना.उ. शिब बहादुर सिंह, प्र.अ.अ. देवेन्द्र कुमार थापा, स्थानिय जनप्रतिनिधिहरु, विभिन्न सरकारी कार्यालयका कार्यालय प्रमुख तथा कर्मचारीहरु, दार्चुला बहुमुखि क्याम्पस, महेन्द्र नमुना मा.वि. खलंगा, मालिकार्जुन नमुना मावि धाप, छान्ना तिंकरी कन्या मावि खलंगा दार्चुलाका शिक्षक तथा विद्यार्थीहरु, पत्रकारहरु लगायत स्थानियहरुको उपस्थितिमा लागू औषध सेवन ओसार-पसार विक्री वितरण नियन्त्रण सम्बन्धी वृहत जनचेतनामुलक कार्यक्रम गरिएको ।






नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला



> ➢ <u>मैत्रीपुर्ण क्रिकेट खेल आयोजना</u>

मिति २०८१।०२।३२ गते लागू औषध विरुद्धको महाअभियान कार्यक्रम अन्तर्गत समुदायमा हुने अपराध तथा लागू औषध न्यूनिकरण गर्नका लागि स्थानिय युवा क्लव र जिल्ला प्रहरी कार्यालय दार्चुलाको टिम बिच मैत्रीपुर्ण क्रिकेट खेल आयोजना गरिएको।



> ➢ ९४ वर्षकी आमालाई सेवा प्रदान

बिक्रम सम्बत १९८७ सालमा जन्मिएकी ९४ बर्षकी आमालाई सम्मान सहित सेवा प्रदान गरियो।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला






➢ २१औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव २०८१

राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवको अवसरमा कृषि ज्ञान केन्द्र र मालिकार्जुन गाउँपालिकाको संयुक्त आयोजनामा दार्चुलाको मालिकार्जुन गा.पा. वडा नं. ६ सलेतिमा शनिबारका दिन प्रमुख जिल्ला अधिकारी यज्ञ राज जोशी समेत सहभागी भई कार्यक्रम सम्पन्न गरिएको छ ।





➢ विश्व वातावरण दिवस २०८१

"हाम्रो भुमी हाम्रो भबिस्य" भन्ने विश्वव्यापी मुल नाराका साथ दार्चुलामा बजार सरसफाइ र वृक्षारोपण गरी विश्व वातावरण दिवस २०८१ भव्य रूपमा मनाइएको छ । अपीनाम्पा संरक्षण क्षेत्र कार्यालय दार्चुलाको आयोजनामा जिल्लामा अवस्थित सुरक्षा निकायका प्रमुखहरुको उपस्थितिमा विभिन्न प्रजातिका बोट तथा फलफूलका बिरुवा रोपण गरिनुका साथै बजार क्षेत्र सरसफाइ गरिएको छ ।





➢ प्रथम पटक नेपालको राष्ट्रिय झण्डा राखियो

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

मिति २०८१/२/८ गते सशस्त्र प्रहरी बल नेपालको सक्रियता र जनप्रतिनिधि तथा जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको समुपस्थितिमा नेपालको सुनसेरा, मलघट्टे र राप्लाको मालघाटमा प्रथम पटक नेपालको राष्ट्रिय झण्डा राखियो।





➢ राष्ट्रिय सूचना संचार तथा प्रविधि दिवस -२०८१

राष्ट्रिय सूचना संचार तथा प्रविधि दिवस-२०८१ को अवसरमा "सम्बृद्ध नेपालको आधार, सूचना, प्रविधि र संचार "भन्ने नाराका साथ वक्तित्वकला प्रतियोगिता आयोजना गरि कार्यक्रम सम्पन्न गरिएको छ।





➢ जनचेतनामुलक कार्यक्रम

मिति २०८१।०२।२३ गते जिल्ला दार्चुला नौगाड गाउँपालिका वडा नं. ६ स्थित श्री जनहित मा.बि. धुलिगडामा ऐ. विद्यालयका शिक्षक, विद्यार्थी, जनप्रतिनिधी तथा अभिभावकहरुको उपस्थितिमा लागू औषध, घरेलु हिंसा र जातिय छुवाछुत सम्बन्धि न्यूनिकरण तथा नियन्त्रण लगायतका बिषयक जनचेतनामुलक कार्यक्रम गरिएको ।





➢ जनचेतनामुलक कार्यक्रम

जिल्ला दार्चुला नौगाड गाउँपालिका वडा नं. ४ स्थित श्री गणेश बिनायक मा.बि. सिप्टी विद्यालय दार्चुलाको प्राङ्गणमा लागू औषध, महिला हिंसा, घरेलु हिंसा र जातिय छुवाछुत सम्बन्धि न्यूनिकरण तथा नियन्त्रण लगायतका बिषयक जनचेतनामुलक कार्यक्रम गरिएको ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला


प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला




➢ **अन्तरक्रिया कार्यक्रम**


जिल्ला प्रहरी कार्यालय दार्चुलाको आयोजनामा मिति २०८०।१०।०४ गते प्रहरी नायव उपरीक्षक शिब बहादुर सिंहको अध्यक्षतामा, प्रमुख जिल्ला आधिकारी श्रीमान् किरण जोशीज्यूको प्रमुख आतिथ्यतामा र दार्चुला जिल्ला समन्वय समितिका प्रमुख तथा जिल्ला स्थित सम्पूर्ण स्थानिय निकायका प्रमुखहरूको विशिष्ट आतिथ्यतामा जिल्लामा रहेका राजनितिक दलका प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, सरकारी तथा गैह्र सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधी, विभिन्न व्यवसायी संघका प्रमुख तथा प्रतिनिधीहरु, पत्रकार, समाज सेवी, पूर्व प्रहरी कर्मचारी, बिभिन्न संघसस्थाका प्रतिनिधि, शिक्षक, महिला अधिकारकर्मी, भद्र भलादमी, सर्वसाधारण नागरिकहरुको उपस्थितिमा समग्र दार्चुला जिल्लाको शान्ती सुरक्षा, लागूऔषध दुर्व्यसन तथा ओसारपसार, विभिन्न किसिमका अपराध रोकथाम तथा नियन्त्रण, घरेलु मदिरा नियन्त्रण, प्रहरी प्रतिको गुनासो तथा सुझाव लगायतका विषयमा अन्तरक्रिया तथा नागरिक सुनुवाई कार्यक्रम गरिएको ।





➢ **बृक्षारोपण कार्यक्रम**

मिति २०८०।०४।२५ गते अं. ११:२० बजेको समयमा नेपाल प्रहरी श्रीमती संघको ३९ औं बार्षिक उत्सबको अवसरमा जिल्ला दार्चुला महाकाली न.पा.वडा नं. ४ खलंगा स्थित यस कार्यालयका कार्यालय प्रमुख प्रहरी नायव उपरीक्षक तर्क राज पाण्डेय ज्यूको कमाण्डमा २५ जनाको प्रहरी टोलीले जिल्ला प्रहरी कार्यालय दार्चुलाको परिसर एरिया महाकाली नदीले कटान गर्न सक्ने स्थान (महाकाली कोरिडोर) तर्फ बृक्षारोपण कार्य गरिएको ।



**कुरीति विरुद्ध सरोकारवाला निकायसंगको**

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, दार्चुला

२०८०।११।१८ गतेका दिन जिल्ला प्रशासन कार्यालय दार्चुलामा समन्वय बैठक सम्पन्न भएको छ । उक्त बैठकमा लिएका तस्वीरहरु निम्नानुसार रहेका छन् ।

## बजार अनुगमन

दार्चुला जिल्लाको सदरमुकाम महाकाली नगरपालिका वडा नं. ४ र ५ अन्तर्गत खलंगा बजार क्षेत्रमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, कैलाली, जिल्ला प्रशासन कार्यालय, दार्चुला, जिल्ला प्रहरी कार्यालय, दार्चुला तथा महाकाली नगरपालिका दार्चुला, घरेलु तथा साना उद्योग कार्यालय, दार्चुला, उद्योग वाणिज्य संघ दार्चुला तथा पत्रकार महासंघ दार्चुला समेतको संयुक्त अनुगमन टोलीले दैनिक उपभोग्य वस्तुका पसलहरु, होटल तथा रेष्टुरेण्टहरुको अनुगमन गरि तपशिल बमोजिमको कार्यहरु गरिएको व्यहोरा अनुरोध छ ।

### १. दिपक अर्डर एण्ड सप्लायर्स, महाकाली न.पा.– ५, दार्चुला

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

अनुगमनका क्रममा उक्त पसललाई बिलबिजक जारी गरिएका कागजातहरु सम्बन्धित निकायमा बुझाएर मात्र बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

### २. ठगुन्ना जनरल स्टोर/धन लक्ष्मी स्टोर एण्ड सप्लायर्स, महाकाली न.पा.– ५, दार्चुला

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

अनुगमनका क्रममा पसलले नियमानुसार राजश्व नतिरी चोरी बाटोबाट ल्याई बिक्री गर्ने उद्देश्यले गोदाममा भण्डारण गरिराखेको तपसिल बमोजिमको अवैध सामान भेटिएको हुँदा जिल्ला प्रहरी कार्यालय, दार्चुला मार्फत बरामदी मुचुल्का उठाई जफत गरिएको थियो ।

<u>तपसिल:</u>

| सि.नं. | विवरण | परिमाण | मूल्य | कैफियत |
|---|---|---|---|---|
| १ | पशु आहार (२५ कि.ग्रा.) | ११ कट्टा | प्रहरी प्रतिवेदन अनुसार कुल मूल्य रु.१,०३,०७५।- | |
| २ | अंगुरी चामल (१० कि.ग्रा.) | ४ कट्टा | | |
| ३ | अंगुरी चामल (५ कि.ग्रा.) | ३ कट्टा | | |
| ४ | अंगुरी चामल (२५ कि.ग्रा.) | १९ कट्टा | | |
| ५ | चिनी (५० कि.ग्रा.) | ९ कट्टा | | |
| ६ | मैदा (४५ कि.ग्रा.) | ५ कट्टा | | |
| ७ | चक्की आटा (५ कि.ग्रा.) | ८४ प्याकेट | | |
| ८ | चक्की आटा (१० कि.ग्रा.) | १९ प्याकेट | | |

उक्त पसललाई बिलबिजक जारी गरिएका कागजातहरु सम्बन्धित निकायमा बुझाएर मात्र बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

### ३. मनकामना रेष्टुरेण्ट एण्ड बार, महाकाली न.पा.– ४, दार्चुला

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, दार्चुला

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

अनुगमनका क्रममा उक्त पसललाई बिलबिजक जारी गरिएका कागजातहरु सम्बन्धित निकायमा बुझाएर मात्र बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

**४. बडुजी ट्रेडर्स एण्ड सप्लायर्स, महाकाली न.पा.– ४, दार्चुला**

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

पसलले बिक्री वितरणको लागि राखेको म्याद गुज्रिएको रु.९० मूल्य बराबरको चिकेन मसाला अनुगमन टोलीको रोहबर तथा सुरक्षाकर्मीहरुको उपस्थितिमा बरामद गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याई नष्ट गरिएको थियो ।

अनुगमनका क्रममा उक्त पसललाई बिलबिजक जारी गरिएका कागजातहरु सम्बन्धित निकायमा बुझाएर मात्र बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

**५. आर.जे. होटल एण्ड रेष्टुरेण्ट, महाकाली न.पा.– ४, दार्चुला**

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

पसलले अनुज्ञा पत्र नलिई उत्पादन गरी बिक्री वितरणको लागि राखिएको रु.२३५ मूल्य बराबरको आईसक्रिम अनुगमन टोलीको रोहबर तथा सुरक्षाकर्मीहरुको उपस्थितिमा बरामद गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याई नष्ट गरिएको थियो ।

अनुगमनका क्रममा उक्त पसललाई खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयबाट अनुज्ञा पत्र लिएर मात्र आईसक्रिम उत्पादन गरी बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

**६. सुदामा किराना पसल, महाकाली न.पा.– ४, दार्चुला**

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

पसलले बिक्री वितरणको लागि राखेको म्याद गुज्रिएको रु.८०० मूल्य बराबरको खाने तेल अनुगमन टोलीको रोहबर तथा सुरक्षाकर्मीहरुको उपस्थितिमा बरामद गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याई नष्ट गरिएको थियो ।

अनुगमनका क्रममा उक्त पसललाई बिलबिजक जारी गरिएका कागजातहरु सम्बन्धित निकायमा बुझाएर मात्र बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

**७. सिद्धनाथ सप्लायर्स, महाकाली न.पा.– ४, दार्चुला**

दार्चुलामा रहेको यो पसल नियमानुसार दर्ता भई नविकरण तथा स्थाई लेखा नम्बर लिई कारोबार गरिरहेको देखियो ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दार्चुला

जिल्ला प्रशासन कार्यालय, दार्चुला
प्रमुख जिल्ला अधिकारी

पसलले अनुज्ञा पत्र नलिई उत्पादन गरी बिक्री वितरणको लागि राखिएको रु.७२० मूल्य बराबरको आईसक्रिम अनुगमन टोलीको रोहबर तथा सुरक्षाकर्मीहरुको उपस्थितिमा बरामद गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याई नष्ट गरिएको थियो ।

अनुगमनका क्रममा उक्त पसललाई बिलबिजक जारी गरिएका कागजातहरु सम्बन्धित निकायमा बुझाएर मात्र बिक्री वितरण गर्ने गरी निर्देशन दिईयो ।

**८. जोशी भोजनालय, महाकाली न.पा.– ४, दार्चुला**

दार्चुलामा रहेको यो पसलले नियमानुसार सम्बन्धित कागजात कारोबार स्थलमा राखेको देखिएन।

पसलले बिक्री वितरणको लागि राखेको म्याद गुज्रिएको ट्वीस्टी बिस्कुट र अखाद्य रंग मिसाएको १.५ कि.ग्रा. जेरी अनुगमन टोलीको रोहबर तथा सुरक्षाकर्मीहरुको उपस्थितिमा बरामद गरी जिल्ला प्रहरी कार्यालय दार्चुलामा ल्याई नष्ट गरिएको थियो ।

व्यवसाय दर्ता र नविकरण सम्बन्धी कागजात ३ दिन भित्र नगरपालिका/घरेलु तथा साना उद्योग कार्यालयमा पेश गर्न निर्देशन दिईयो ।

<u>अनुगमनको क्रममा लिएका तस्विरहरु</u>




## १८. सूचना अधिकारी र प्रमुखको नाम र पद :

**क) कार्यालय प्रमुख :**

- **नाम:** यज्ञ राज जोशी
- **पद:** प्रमुख जिल्ला अधिकारी

**ख) सूचना अधिकारी :**

- नाम: हेमन्ती साउँद
- पद: सहायक प्रमुख जिल्ला अधिकारी

## १९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- स्थानीय प्रशासन ऐन, २०२८
- नेपाल नागरिकता ऐन, २०६३
- विपद न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४
- लागु औषध (नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- जग्गा प्राप्ति ऐन, २०३४
- सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४
- सूचनाको हक सम्वन्धी ऐन, २०६४
- सूचनाको हक सम्वन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- विवाह दर्ता नियमावली, २०२८
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्धार र राहत सम्वन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला स्तरीय विभिन्न कार्ययोजनाहरु

## २०. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण :

| विवरण | रकम रु. | कैफियत |
|---|---|---|
| **कम्पनी रजिष्ट्रेशन दस्तुर** | ५७५०/- | लेखा राजस्व विवरण |
| **हातहतियारको इजाजत पत्र दस्तुर** | ३,५१,९००।- | |
| **राहदानी शुल्क** | १९,५२,५००/- | |
| **न्यायिक दण्ड, जरिवाना र जफत** | - | |
| **प्रशासनिक दण्ड, जरिवाना र जफत** | ४०,०००।- | |
| **परीक्षा सुल्क** | १०,०००/- | |
| **सरकारी सम्पत्तीको बिक्रीबाट प्राप्त रकम** | ६८००/- | |
| **बेरुजु** | - | |
| **अन्य प्रशासनिक सेवा शुल्क** | - | |
| **जम्मा** | **२३,६६,९५०।-** | |

## २१. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरण :

- स्थानीय सञ्चार माध्यम/पत्रकारहरुसंग नियमित रुपमा भेटघाट, अन्तर्क्रिया हुने गरेको ।
- सूचनाका लागि कार्यालयमा तपशिलका दुई जना व्यक्तिहरुका ईमेल मार्फत प्राप्त निवेदन दर्ता भई निजहरुलाई समयमै सूचना उपलब्ध गराईएको ।

**तपशिल**

| सि.नं. | व्यक्तिको नाम थर | ठेगाना | निवेदन मिति | कैफियत |
|---|---|---|---|---|

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

जिल्ला प्रशासन कार्यालय, दार्चुला

प्रमुख जिल्ला अधिकारी

| | | | | |
|---|---|---|---|---|
| १ | ईश्वरा तिवारी | हल्दिबारी गाउँपालिका वडा नं. ३ झापा | २०८१।०२।०९ | |
| २ | शिव अधिकारी | तारकेश्वर नगरपालिका काठमाडौं । | २०८१।०१।२७ | |

## २२. सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ५ को उपनियम ३ बमोजिमको थप विवरण:-

**१. अघिल्लो आ.व. मा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सोको विवरण ।**

**२. सार्वजनिक निकायको बेभसाईट भए सोको विवरण ।**

**Website:-** www.daodarchula.moha.gov.np

- सार्वजनिक निकायले प्राप्त गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन ।
- सार्वजनिक निकायले वर्गिकरण तथा संचालन गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि ।
- **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय:-** लिखित रुपमा सूचना माग नभएको ।

**३. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सोको विवरण ।**

यस कार्यालयका सार्वजनिक गर्नुपर्ने सम्पूर्ण सूचनाहरु यस कार्यालयको Website, Facebook Page र Twitter मार्फत उपलब्ध गराईएका छन् ।

**Website:-** www.daodarchula.moha.gov.np

**Facebook Page:-** www.facebook.com/daodarchula

**Twitter account:-** @daodarchula

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
दार्चुला

प्रमुख जिल्ला अधिकारी